सम्पर्क नं. : ०२५५४३०३०

# दुहबी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा युवा तथा खेलकुद शाखा
दुहबी, सुनसरी
कोशी प्रदेश, नेपाल

प. स. :-२०८१/०८२
च. नं. :- 1035

मितिः २०८१/०६/०७
ने.सं ११४४

**श्री सामूदायिक तथा संस्थागत विद्यालय (सबै)**
**दुहवी नगरपालिका**
**दुहवी, सुनसरी।**

**विषयः वैदेशिक रोजगार सन्तति छात्रवृत्ति कार्यक्रम सम्बन्धमा।**

प्रस्तुत विषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं १८ मिति २०८१।०५।०५ को पत्रानुसार **"वैदेशिक रोजगार सन्तति छात्रवृत्ति सञ्चालन कार्यविधि-२०८०"** बमोजिम वैदेशिक रोजगारीमा गई मृत्यु भएका वा शत प्रतिशत अशक्त भएका तथा वैदेशिक रोजगार बोर्डको सचिवालयबाट शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका विद्यालयमा अध्ययनरत १८ वर्ष मुनिका श्रमिकका सन्ततिलाई उपलब्ध गराइने छात्रवृत्ति प्राप्त गर्न योग्यता पुगेका विद्यार्थीहरूलाई सो कार्यक्रममा आबद्ध गर्नको लागि वैदेशिक रोजगार बोर्डको सचिवालयको मिति २०८१।०४।३१ गते उक्त सचिवालयको वेभसाइट **www.feb.gov.np** मा सूचना प्रकाशित भएको हुँदा उक्त सूचनाबाट अवगत गरी २०८१ असोज मसान्तसम्म दुहवी नगरपालिका, शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नका लागि सहयोग गरिदिनु हुन सम्बन्धित सम्पुर्ण विद्यालयहरूलाई अनुरोध छ। यस सम्बन्धमा थप जानकारी प्राप्त गर्नको लागि श्रमदान कल सेन्टरको पैसा नलाग्ने नम्बर ११४१ मा सम्पर्क गर्न सकिने कुरा समेत सम्बन्धित सबैलाई जानकारीको लागि अनुरोध गरिन्छ।

**बोधार्थ**

श्री सूचना प्रविधि शाखा- वेबसाइटमा यो सूचना प्रकाशित गरिदिनु हुन।

२०८१/०६/०६

.........................
**विकास घिमिरे**
**शिक्षा शाखा प्रमुख**
**(अधिकृत आठौं)**

अनुसूची-१

(कार्यविधिको दफा ७ (१) संग सम्बन्धित)

**छात्रवृत्तिका लागि दिने निवेदनको ढाँचा**

मिति : .................

श्री प्रधानाध्यापकज्यू

..........................

**विषय : वैदेशिक रोजगार छात्रवृत्तिका लागि सिफारिस गरीलब्ध गरी पाउँ।**

महोदय,

उपरोक्त सम्वन्धमा मेरो (बुवा/आमा) नाताको ............................................वैदेशिक रोजगारीका सिलसिलामा मिति ............................ मा .......................... देशमा मृत्यु/अङ्गभङ्ग/अशक्त बिरामी भएकाले परिवारको शैक्षिक विकासका लागि नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वैदेशिक रोजगार बोर्डको सचिवालयबाट प्राप्त हुने छात्रवृत्ति दिलाई पाउँ भनी देहाय बमोजिमका कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु:-

<u>संलग्न कागजातहरू</u>

(क) श्रमिकको राहदानीको निस्साको प्रतिलिपि वा राहदानी नम्वर खुल्ने कागजात,

(ख) निवेदक वा संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र बैंक खाता नंम्वर,

(ग) श्रमिकको मृत्युदर्ताको प्रमाणपत्र वा अङ्गभङ्ग वा गम्भीर बिरामी भएको प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाणपत्रको प्रतिलिपि,

(घ) निवेदक र श्रमिक वीचको नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि,

(ङ) श्रमिक करार अवधि भित्रै अङ्गभङ्ग वा गम्भीर बिरामी भई समस्यामा परी स्वदेश फर्केको खुल्ने कागजात,

(च) छात्र/छात्राको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,

<u>निवेदक</u>

नाम थर :

ठेगाना :

सम्पर्क नं. :

कक्षा :

रोल नं. :

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं

सचिव

अनुसूची-२

(कार्यविधिको दफा ७ (३) सँग सम्बन्धित)

**विद्यालयको सिफारिसको ढांचा**

मिति : ...............

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,

.................पालिका ,............।

**विषय : सिफारिस सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा वैदेशिक रोजगारीको क्रममा मृत्यु/अङ्गभङ्ग बिरामी भइ बोर्डको सचिवालयबाट शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका श्रमिकका तपसिल बमोजिमका छात्र/छात्राहरूलाई वैदेशिक रोजगार छात्रवृत्ति सहायता प्राप्त गर्नका लागि सिफारिस गरिएको व्यहोरा अनुरोध छ।

| क्र. सं. | विद्यार्थीको नाम | कक्षा | जन्म मिति | श्रमिकको राहदानी नं. | वैदेशिक रोजगारमा मृत्यु/अशक्त भएको परिवारको सदस्य | वैदेशिक रोजगारमा मृत्यु/अशक्तभएको परिवारसँगको नाता | मृत्यु वा अशक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

<u>संलग्न कागजात</u>

(क) श्रमिकको राहदानीको निस्साको प्रतिलिपि,

(ख) छात्र/छात्रा वा संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र बैंक खाता नंम्वर,

(ग) श्रमिकको मृत्युदर्ताको प्रमाणपत्र वा अङ्गभङ्ग वा गम्भीर बिरामी भएको अशक्त प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाणपत्रको प्रतिलिपि,

(घ) छात्र/छात्रा र श्रमिक बीचको नाता प्रमाणपत्रको प्रतिलिपि,

(ङ) श्रमिक करार अवधि भित्रै अङ्गभङ्ग वा गम्भीर बिरामी भई समस्यामा परी स्वदेश फर्केको खुल्ने कागजात,

(च) छात्र/छात्राको जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि।

सचिव